परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक




❑ वर्ष ११ ❑ अंक १९ २०७९ मंसिर २५ गते आइतवार Sunday 11, DEC 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

# कृषि तथा औद्योगिक अन्तर्राष्ट्रि प्रदर्शनी आर्थिक गतिविधी चलायमान बनाउने दावी

विराटनगर । आर्थिक एवं औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउने उद्देश्यका साथ हुन लागेको कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनीले मूलुककै आर्थिक गतिविधीलाई चलायमान बनाउन मद्दत पुग्ने उद्योग संगठनमा आवद्ध उद्योगि व्यापारीहरुले वादी गरेका छन् ।

एक्सपोको तयारी बारे जानकारी गराउन उदेश्यले प्रदर्शनी स्थलमै पत्रकार सम्मेलन गरी संगठनका अध्यक्ष सुयश प्याकुरेलले भने उद्योगी व्यवसायी अप्ठ्यारो अवस्थाका वावजुत एक्सपो आयोजना गर्न लागेका वताए ।

एक्सपो आगामी मंसिर २९ देखि पुस ६ गते सम्म बिराटनगर महानगरपालिका वडा नं १४ स्थित डिग्री क्याम्पसको प्राङ्गण पुरानो हवाई फिल्डको मैदानलाई छनौट गरिएकोले ठाउँको कुनै समस्या नहुने र एक्सपोमा करीब २ लाख मानिसको उपस्थिति हुने गरी व्यवस्थापन गरेका वताए ।



विराट एक्सपोको तयारी बारे जानकारी दिन पत्रकार सम्मेलन गर्दे आयोजक सहितको टीम ।

समग्रमा देशकै आर्थिक अवस्था कमजोर भएको वेलमा सवैको साथ र सहयोग लिएर एक्सपो गर्न लागेका छौ । मुलुककै विभिन्न ठाउँमा लाग्न एक्सपो भन्दा उत्कृष्ठ खालको तयारीका साथ एक्सपो सम्पन्न गर्ने आयोजकले जानकारी दिए ।

एक्सपोको आकर्षण बढाउनको लागि विशेष कार्यक्रमहरु जस्तै माउन्पटेन फ्लाइट, सेन्ट्रल डिजिटल डिस्प्ले शो, सिंगिङ आइडल, राबट भीआर तथा होलोग्राम प्रविधी, साँस्कृतिक कार्यक्रम समेतको व्यवसथा गरिएको एक्सपो संयोजक तथा उद्योग संगठन मोरंगका उपाध्यक्ष भोलेश्वर दुलालले वताए । त्यसै गरी एक्सपो स्थल जान र फर्किन नि:शुलक सटल बसको व्यवस्था गरीएको भन्दै सो वस दुहवी, विराटनगर, बरगाछी, रानी र कटहरीवाट एक्सपो स्थाल सम्म संचालन हुने संयोजक दुलालले वताए ।

वांकी अन्तिम पेजमा...

# समानुपातिक तर्फ एमालेवाट निर्वाचित हुने चौतिस सांसद

विराटनगर । नेकपा (एमाले)ले समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित हुने सांसदको नामावली टुंगो लगाएको छ । शनिबार पार्टी मुख्यालय च्यासलमा बसेको बैठकबाट उनीहरूको नामावली टुंगो लगाएको छ ।

मंसिर ४ गते भएको निर्वाचनबाट एमाले प्रतिनिधि सभामा दोसो दल बनेको छ । एमालेले समानुपातिकबाट प्रतिनिधिसभातर्फ ३४र प्रदेशमा ७० गरी कुल १०४ सिट जितेको छ ।

समानुपातिक तर्फ निर्वाचित हनेहरुमा आदिवासी जनजाति पुरुष तर्फ देवी प्रसाद भट्टचन्द, हेमराजराई, कालुरामराई आदि वासी जनजाति महिला नैनकला थापामगर, सूर्यकुमारी श्रेष्ठ, उर्मिला थेवे, ईश्वरी घर्ती, रण कुमारी बलम्पाकीमगर, शान्ति श्रेष्ठ, सरस्वती सुब्बा,रहेका छन् ।

त्यसैगरी खसआर्य पुरुष तर्फरघुजी पन्त, एकनाथ ढकाल, दयालबहादुर शाही, खसआर्य महिला, मेनुकाकुमारी पोखरेल, सरिता भुसाल, शोभा ज्ञवाली विजुलारायमाझी, निर्मला कोइर ाला, सम्झना थपलिया, दीपा शर्मा, सुनिता बरालरहेका छन् ।

थारु महिला, आस्माकुमारी चौधरी, शान्ति चौधरीरहेका छन् भने दलित तर्फ, ईश्वरबहादुर रिजाल, प्रभु हजारा पासवान, चन्द्रबहादुर विश्वकर्मा, रुकमणिराना बराली, हर्कमाया विश्वकर्मा निर्वाचित भएका छन् ।

समानुपातिकमा मधेसी तर्फ गंगाप्रसाद यादव, अमृतलालराजवंशी, विनादेवी, अमृतादेव अग्रहरी, प्रतीक्षा तिवार ीर मुस्लिम तर्फवाट सराज अहमद फारुकीरहेका छन् ।

पार्टीले टुंगो लगाएको नामावली पेस गरेपछि निर्वाचन आयोगले रुजु गरी ठिक भएमा निर्वाचित भएको घोषणा गर्नेछ । आयोगले दलहरूले बुझाएको समानुपातिक बन्दसूचीबाट निर्वाचित हुने सांसदको नामावली क्लस्टर मिलाएर शनिबार अपराह्नसम्म बुझाउन समयसीमा तोकेको थियो ।



परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## कृषि तथा...

एक्सपोमा ३ सय ६१ वटा स्टलहरु रहने छ जस अन्तर्गत ६ वटा पर्यटन, ६ वटा लगानी, १५ वटा श्रम रोजगार तथा सीप र २५ वटा स्टार्टअप पेभिलियन रहने छ। त्यसैगरी उद्योग संगठन मोरंगको कार्यसमितिवाट ३४ वटा स्टल रहने, औद्योगिक (कर्पोरेट तथा डिस्पले प्रोडक्ट) परिसरका ७५ वटा स्टल रहने एक्सपो संयोजक दुलालले वताए। औद्योगिक(उपभोग बस्तु परिसर भित्र ७५ वटा स्टल, कृषि तथा साना घरेलु तथा सूचनामूलक परिसर भित्र ७५ वटा स्टल र नाडा प्रदेश १ र मोरङ ओटोमोबाइल एशोसिएशन अन्तर्गत २० वटा स्टल तथा खाद्य परिसरमा १० वटा स्टलहरु रहने छ।

प्रदर्शनी अवधीमा रु ५० करोड भन्दा बढिको प्रत्यक्ष एवं अप्रत्यक्ष कारोबार हुने अपेक्षा गरिएको छ। प्रदर्शनी आयोजनाका लागी करिब ३ करोड ५० लाख रुपैया खर्चहुने र उक्त खर्चको व्यवस्थापन प्रायोजक, स्टल बिक्रि, टिकट बिक्रि तथा संघ, प्रदेश र स्थानिय सरकार र अन्य विकास साझेदारहरुसंगको सहकार्यबाट व्यवस्थापन गरिनेछ।

आर्थिक एवं औद्योगिक विकासका लागि उद्योग संगठन मोरंगले २०५३ सालमा कोशी महोत्सवका नामवाट एक्सपोको शुरुवात गरेको थियो। अहिले हुन लागेको एक्सपो सातौ संस्करणको रुपमा विराटनगरको दक्षिणी भेगको नयाँ ठाउँमा एक्सपो आयोजनाको तयारी अन्तिम चरणमा पुगेको संयोजक दुलालले वताए।

## मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चिल्लो तथा बोसो युक्त खानेकुरा कम खाऔं।
- नियमित रूपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचापजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।
- त्यस्तो अपराध गर्नेलार्य जरिवाार कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार, विज्ञापन बोर्ड

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

## हार्दिक बधाई तथा शुभकामना



विराटनगर महानगर पालिका वडा नं. ८ प्रगती टोल निवासी श्याम सुन्दर सुतिहार र मंजु शर्माको छोरा **श्रेय शर्माको** मंसिर २६ गते जन्म दिन परेकोले हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उज्वल भविष्यको कामना गर्दछौ।

**क्राईम अपरेशन साप्ताहिक**
**परिवार, विराटनगर**

NO SMOKING

## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १

मिति: कार्तिक २७, २०७९ (आइतबार)
समय : बिहान ९ बजेदेखि दिउँसो १ बजेसम्म।
नि:संतान दम्पतिहरुको लागि नि:शुल्क जाँच शिविर
स्थान: सुरक्षा अस्पताल प्रा. लि.
शहिद मार्ग (विरेन्द्र सभागृह अगाडि), विराटनगर-७, मोरङ, नेपाल।
नाम दर्ता गर्नको लागि निम्न नम्बरहरुमा सम्पर्क गर्नुहोस्:
977 9802782609 / +91 9733801237
Available Doctors :
Dr. Prasenjit Kumar Roy
Infertility Expert
Dr. Shefali Bansal Madhav
Infertility Expert
डा. रम्भा देव
डा निकिता ढकाल
डा. सोमा गुप्ता
सुरक्षा अस्पताल (प्रा.) लि.
SURAKSHA ASPATAL (Pvt.) Ltd.
NewLife Fertility Centre
+91 7407400444

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation

## सम्पादकीय

# मीरगञ्जपुल स्थायी संचालनमा

*प्रदेश १ को राजधानी औद्योगीक नगरी विराटनगरको रानी नाकासँग जोडिएको भारत, विहार राज्यको बथनाह स्थीत रहेको मीरगञ्ज पुल २०७८ सालमा आएको बाढीले भत्काएपछि सो पुल हुँदै नेपाल भित्रिने ठूला मालवाहक गाडीहरु थप १ सय ३४ किलोमिटर घुमेर सुनसरीको भान्टावारी नाका भएर विराटनगर आउँदै गरका थिए। जसका कारण उद्योगीहरुलाई करोडौं व्यायभार पर्ने गरेको थिए। सो ठाउँमा नयाँ पुल निर्माणलाई तिब्रता दिई संचालन गर्ने सम्मका लागि व्यापार सँघ मोरंगले बारम्वार अवाज उठाएपछि सो पुल निर्माणमा तिव्रता पाएको थियो। सो पुल निर्माण सम्पनन भएपनि संचालनमा ल्याउन समेत पहल भई रहदा भरखरै भारतीय पदाधीकारीसंग छलफल गरी सो पुल पुर्ण रुपमा संचालन न आएता पनि अस्थायी रुपमा संचालन गर्न सहमत भएपछि विराटनगरका उद्योगी व्यपारीहरु खुशी भएका छन्।*

*पुलको निर्माण कार्य सम्पन्न भई सकेता पनि केहि प्रकृयागत कार्यहरु बाँकी रहेकाले पुलको आधिकारिक उद्घाटन हुन नसकि रहेको अवस्थामा संघले अस्थायी रुपमै भएपनितत्कालै उक्त पुल मार्फत सवारी साधनहरुको आवात-जावत खुलाई रि-रुटले प्रताडित नेपाली उद्योगी, व्यवसायी र अर्थतन्त्रलाई राहत पुग्ने भएको छ।सो पुलप्रयोग गर्न नपाउँदा नेपाली उद्योगी/व्यवसायीहरु भिमनगर-भन्टावारी नाका प्रयोग गर्न र त्यस कारण दैनिक करिब एक करोडको अतिरिक्त अनावश्यक व्ययभार खेप्न बाध्य रहेका थिए। मोरंग व्यपार संघको पहलमा भारतीय अधिकारीहरुले आवागमनको क्रममाउक्त नवनिर्मित पुलमा कुनै सवारी साधनहरु पार्क गर्न नपाउने तथा पार्किङका सम्पूर्ण कार्यहरु पुलपूर्व वा आई.सी.पी.मा मात्रै गर्नु पर्ने शर्तमा सो पुल मार्फतको आवागमन थाल्ने सहमति भएपछि विराटनगर उद्योगिक कोरीडोर लगायतका व्यपारीहरले राहत पाएपछि आयात भएको सामग्रीवाट उत्पादित बस्तुको समेत मूल्यमा कमी आउने भएकाले आम उपभोक्ताा समेतलाई राहत हुने छ।*

*नेपाल र भारत सिमामा पर्ने नाकाहरुलाई दुवै तिरका सरकारले नाकामा पर्ने वाटोलाई चुस्त दुरुस्त राखी व्यापार आवागमनलाई सहज वनाई राख्न दुवै तर्फका सरोकारवाला निकायले ध्यान दिन जरुरी छ। नेपालको मात्र आवश्यकता हो ठानेर भारतीय पक्षले ढिला सुस्ती गर्नु कदापी पनि उचित होईन। व्यापार पारावहन एक अर्कोका देशका परिपुरक भएकाले दुवै मुलुकको बाटोलो चुस्त दुरुस्त राख्न सरोकारवालाहरुले विशेष ध्यान राख्न जरुरी छ।*

# रहरले होइन, बाध्यताले विदेशिनु पर्छ नर्सहरुलाई

**अन्जु न्यौपाने**

चराहरूको मीठो चिरबिर मेरा कानमा गुन्जिएसँगै म ब्युँझिएँ। उठेर बार्दलीमा उभिएर हेर्दा मेरा आँखाले पुरानो भइसकेको खरको छानाबाट तप्प तप्प चुहिएका शीतका थोपाहरू देखे। आज आकाश धुमिल थियो। लाग्थ्यो,रातभरि आकाशरोयो होला। अनि, त्यसैको आँसु अहिले खसिरहेको होला।

धुमिल आकाश हेर्दै गर्दा मलाई आफ्ना बाल्यकालका साथीभाइसँग गरेका कुराहरूको झलझलती याद आयो। हामी आपसमा कुरा गर्थ्यौं, 'आकाशमा तारा लागेको दिन भगवान्को घरमा बत्ती बल्छ। अनि, ताराहरू नदेखिएका दिन बत्ती बल्दैन।'

कति मीठा अनि आनन्दका दिन थिए ती ! हेर्दाहेर्दै ती दिनहरू बितिसकेछन्।

ओहो, आज होस्टल जाने दिन पनि आइसकेछ ! मेरो सानैदेखिको सपना नर्सिङ पढेर सेतो कोटमा घाँटीमा कालो आलाराखी बिरामीको सेवा गर्ने। आफ्नो त्यो सपना पूरा हुने दिन नजिकै आउँदा म फुरुङ्ग थिएँ। साथमा घरकी जेठी छोरी भएका कारण ममाथि पारिवारिक बोझ पनि थपिदै थियो। मेरो मनमा अनेकौं कुण्ठाहरू पलाउँदै थिए।

आमाले गोठबाट चर्को स्वरमा कराएको आवाज आयो, 'ए, पाडोले त सबै दूध खाएर मरेछ ! नानी होस्टेल जाँदा खुवा बनाइदिऊँ भनेको, सत्यानाशै भयो !'

सामान्य परिवारमा हुर्केकी म। बुबाले आफ्नो अलिकति भएको जग्गा बेचेर मलाई पढाउन आँट गर्नुभएको थियो। मेरो परिवारको आशार भरोसाको केन्द्र भनेकै म। म पछिका दुई साना बहिनीहरू।

बुबाले पूजा कोठाबाट बाहिर निस्कँदै भन्नु भयो, 'नानी,राम्रोसँग पढ्नू ल ?राम्रोसँग पढिस् भने तेरो भविष्य पनिराम्रो हुन्छ।राम्रो जागिर खाएर तैँले परिवारलाई पनि हेर्नुपर्छ। परिवारको दुःख हटाउनुपर्छ।'

'हुन्छ नि, बाबा ! अब त हजुरलाई केही अप्ठ्यारो पऱ्यो भने सामान्य उपचार गर्न पनि जानेकी छु। शकुन्तलाले पनि दुई वर्षपछि एसएलसी दिन्छे।' बेला बेला ऊ मसँग भन्थी, 'दिदी ! तपाईंको नर्सिङको ड्रेस मलाई पनि राखिदिनु है।'

'हैन, अब कसरी पो पढाउनु हो तलाइँ मैले ?' भित्रबाट आमाले भन्नुभयो।

'मैले जागिर गर्दै बहिनीलाई पढाउँछु के ! आमा चिन्ता नगर्नु न।' मैले आमालाई सम्झाएँ।

यस्तै यस्तै पारिवारिक गफर कल्पनामा डुब्दा डुब्दै ओहो कतिखेर एघार बजिसकेछ, पत्तै भएन ! बस समात्न हतार हतार तयार हुन थालेँ। आमालेराति नै उठेर छोरीका लागि भनेर मकै, चनार भटमास भुटेर पोको पारिदिनु भएकोरहेछ।

'थोरै ताजा घिउ पनि छ। पुऱ्याएर खानू, अलि तागत आउला।' आमाले मायाले बनाइदिएको कोसेली झोलामा हालेर बाँधेर आफ्नोर परिवारको सपना पूरा गर्ने यात्रामा निस्कन तयार भएँ।

त्यही बेला आमाले इशारा गरेर घर पछाडि बोलाउनु भयो। आफूले थैलामा बाँधेर लुकाएरराखेको सय-पचासका केही नोटहरू बचाएर जम्मा पन्ध्र सय रुपैयाँ बनाउनु भएकोरहेछ। त्यो मलाई दिँदै भन्नुभयो, 'यो पनिराख्, तलाइँ होस्टेलमा चाहिएला।'

आमाको यो व्यवहार देखेर त म पानी पानी भएँ। आफूमाथि झनै बोझ थपिएको अनुभव गरेँ। आफ्नो कर्तव्य जसरी भए पनि पूरा गर्छु भन्ने सोचेँ। आमाबुबालाई सुखी बनाउने सपना बोकेर मन भारी बनाउँदै म घरबाट बिदा भएँर होस्टेल पुगेँ।

होस्टेलमा मेसमा खाना खानुपर्ने। दिनरात नभनी पढ्नुपर्ने। लगानी पनि त्यति नै धेरै लागेको छ। बेला बेलामा घरको याद आउँथ्यो।रुन मन लाग्थ्यो, कहिलेकाहीँ त आँसुरोक्नै सक्दैनथेँ, खसि हाल्थ्यो। तर, हिम्मत चाहिँ हार्दैनथेँ। मेरो मात्रै सपना भएको भए सायद म असफल हुन्थेँ। तर, म नर्स बन्ने सपना मसँगै मेरा आमाबुबाको पनि थियो।

त्यसैले, दिन-रात नभनी लगातार मेहनत गरेर पढिरहेँ।

बिस्तारै पढाइ सकिन लाग्यो। हामी सबै साथीहरू सामान्य परिवारका थियौँ। कसैलाई उहाँहरूका आमाबुबाले आफ्नो जग्गाजमिन बेचेर पढाउनुभएको थियो त कसैले ऋण लिएर। कसैका बुबा किसान हुनुहुन्थ्यो भने कसैका व्यापारी त कसैका शिक्षक।

सपना बुन्दा बुन्दै हाम्रो पढाइ सकिएको पनि पत्तै भएन। परीक्षा पनि सकियोर रिजल्ट पनि आयो। म पास भएछु।

केही समय घरको बसाइँपछि लाइसेन्सको परीक्षा दिन फेरि काठमाडौँ जानुपर्ने थियो। लाइसेन्स लिन तयारी गर्नुपर्थ्यो। केही साथीहरू त पहिल्यै काठमाडौँ गइसकेका थिए।

साथीहरू भने परीक्षाको रिजल्ट आएपछि मात्र जाने तयारीमा थिए। म काठमाडौँमा एक महिना होस्टल बस्नुपर्ने भयो, तयारी कक्षाका लागि।

बुबाआमाले गाउँको सहकारीबाट ऋण गर्नुभयोर मलाई काठमाडौँ पठाउनुभयो।

निकै मेहनत गरेर लाइसेन्स पनि निकालियो।

मनमा लागिरहेको थियो, अब त परिवारको बोझ उठाउने दिन पनि आयो। बुबाआमा मेरो सफलता देखेर मभन्दा धेरै खुसी हुनुभयो, अब छोरीले जागिर गर्छेर हामीलाई सहयोग गर्छे भनेर।

घरबाट पच्चीस किलोमिटर अगाडिको मेडिकल कलेजमा भ्याकेन्सी खुलेकोरहेछ। मैले पनि त्यहीँ अप्लाई गरेर काम गर्ने निधो गरेँर त्यहाँ फारम भरेँ। तर निकैराजनीतिक सोर्सफोर्स लाग्दोरहेछ त्यहाँ। त्यसमा पनि परीक्षा दिनुपर्ने लिखितर मौखिक दुवै।

लिखितमा त नाम निस्क्यो, तर मौखिकमा नाम निस्कन गाह्रो पऱ्यो। केही अन्तरालपछि बल्ल निस्क्यो।

कलेजमा सरकारीसरह सेवा-सुविधा पाइन्छ भनेर मैले सुनेकी थिएँ। घरबाट दैनिक आउजाउ गर्न गाह्रो हुने भएकाले मैले कलेजनजिकै डेरा लिएर बस्ने सोचेँ। पछि त माहिली बहिनी शकुन्तला पनि आउँछे भन्ने सोचेर पनि मैले डेरा लिएकी थिएँ। उसको इच्छा पनि नर्सिङ नै पढ्ने थियो।

कलेजमा तीन महिना भोलेन्टियर गर्नुपर्नेरहेछ। हामीलाई सुरुमा भोलेन्टियरको जागिरमा लगाइयो। छोरीले जागिर पाई, अब खुसीका दिन देख्न पाइने भइयो भनेर घरमा आमाबुवा खुसी हुनुभएको थियो।

यता म आफैँले कोठा भाडा र रासन जुटाउनुपर्ने। त्यसैले, नभई नहुने केही महत्वपूर्ण सामानहरु मात्रै किनेर बाँकी सामान जागिरको तलब आएपछि मात्रै किन्ने निधो गरेँ।

हस्पिटलमा ओभरटाइम ड्युटी गर्नुपर्ने। मेरो अवस्था बुझेर घरबाट अलिअलि पैसा खोज्दै पठाउँदै गर्नुभयो। हेर्दाहेर्दै त्यो तीन महिना त बित्यो। तर, फेरि पनि अर्को तीन महिना भोलेन्टियर गर्नुपर्ने भयो।

ओहो, धेरै नै गाह्रो भयो, सम्झँदै अत्तालिन्छु। यति हुँदा पनि मैले हिम्मत हारिनँ। हार्नु पनि हुँदैनथ्यो। त्यो थप तीन महिना पनिरात-दिन नभनी, सुखदुःख आफ्नो छाक कम गरेरै भए पनि पूरा गरेँ।

त्यसपछि बल्ल करार जागिर त सुरु भयो तर तलब जम्मा सात हजार। अब ओभरटाइम चाहिँ जोडिने भयो। खुब मेहनत गरेर ओभरटाइमसहित काम गरेँ। पहिलो महिनाको तलब जोड्दा दस हजार भयो। पाँच हजार आफूलेराखेर पाँच हजार घरमा पठाइदिएँ।

बिस्तारै तलबराम्रो होला भन्ने सोचेर लगातार काम गरिरहेँ। तर दुर्भाग्य, पछि पछि त झनै समयमा तलबै दिन छाड्योर दुई महिनामा एकैचोटि तलब दिन थाल्यो।

यसरी जीवन कसरी धान्ने, गाह्रो भयो। यत्रो मेहनत गरेर पढ्दा पनिराम्रो पैसा नै नहुने ! सधैं पैसा कसरी पुऱ्याउने भनेर चिन्तितरहनुपर्ने ! कतिरात त भोकै सुतियो। घरबाट पैसा मगाऊँ भने पनि बुबाले लिनुभएको ऋण त्यत्रो छ ! साथीहरुको अवस्था पनि त्यस्तै छ।

अर्को हस्पिटलमा पनि भ्याकेन्सी खुलेको छ कि यो भन्दाराम्रो भनेर खोज्दै जाँदा नर्सिङ होममा खुलेको थाहा पाएँ। म लगायत केही साथीहरुले त्यहीँ

वांकी ३ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# प्रतिनिधीसभा सदस्य शर्माद्धारा गोठगाउँमै पूर्णकालिन अस्पताल



विराटनगर । मोरङको क्षेत्र नं.३ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माको पहलमा गोठगाउँस्थित पुर्वाञ्चल विश्व विद्यालयमा आगामी माघ १ गतेदेखि पूर्णकालिन अस्पताल सञ्चालन गरिने भएको छ । विश्वविद्यालयमा सोमबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा सांसद शर्मासहित विश्वविद्यालयका पदाधिकारीले अस्पताल सञ्चालन गरिने जानकारी गराएका हुन् ।

कार्यक्रममा सांसद शर्माले जुनसुकै हालतमा माघ १ गतेबाट अस्पताल सञ्चालन गर्ने गरी तयारीमा जुट्न विश्वविद्यालयका पदाधिकारीहरुलाई निर्देशन दिए । ‘माघ १ गतेबाट अस्पताल सञ्चालन गर्नुपर्छ, यसमा कुनै इन्तु किन्तु परन्तु केही चल्दैन,’ सांसद शर्माले भने, ‘अस्पताल चलाउँने जिम्मा हाम्रो पनि हो, मेरो तर्फबाट सबै सहयोग गर्छु, कुनैपनि हालतमा अस्पताल चलाउँनैपर्छ ।

सांसद शर्माले अस्पताल सञ्चालनका लागि आवश्यकता अनुसार आफ्नो तर्फबाट जस्तोसुकै सहयोग गर्ने प्रतिवद्धता जनाएका हुन् । नोबेल अस्पतालका सञ्चालकसमेत रहेका सांसद शर्माले अन्य उपाय नलागेमा एक बर्षका लागि चिकित्सकको व्यवस्था आफैले मिलाइदिने घोषणासमेत गरेका छन् । आसपास क्षेत्रका सर्वसाधरणको सहजताका लागि अस्पताल सञ्चालन गर्नु अपरिहार्य रहेकोमा जोड दिदैं डा.शर्माले यो बिषयमा राजनीति नगर्न सबैलाई आग्रह पनि गरे ।

शर्माले आफ्नो चुनाबी प्रतिवद्धता पत्रमै विश्व विद्यालयमा मेडिकल कलेज सञ्चालन गर्ने उल्लेख गरेका थिए । मेडिकल कलेजका लागि कम्तिमा तीन सय शैयाको अस्पताल सञ्चालन गर्नुपर्ने भएकाले त्यसैका लागि डा.शर्मा आक्रामक रुपमा लागेका हुन् । अस्पताल सञ्चालनपछि मेडिकल कलेज सञ्चालनको तयारीमा जुट्ने डा.शर्माको तयारी छ ।

कार्यक्रममा विश्वविद्यालय का उपकुलपति प्राडा यादवराज कोइरालाले अब ३ सय शैयाको अस्पताल सञ्चालन हुँनेमा ढुक्क रहन आग्रह गरे । अस्पताल र मेडिकल कलेज सञ्चालनका अनुभवी डा.शर्मा नै सांसदमा निर्वाचित भएकाले अस्पताल सञ्चालनमा सहजता मिलेको उनको भनाई छ । चुनाव जितेलगत्तै एक्सनमा उत्रिएका डा.शर्माले मतदाता सँग गरेको बाचा अनरुप यसअघि नोबेल अस्पतालमा ५० शैयाको निःशुल्क क्याबिन सेवा पनि सञ्चालन गराइसकेका छन् ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रूख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १


# जाडो आममा स्वस्थ्य रहने एघार तरिका

शरीरलाई क्रियाशील राख्ने

जाडो मौसममा बाहिर हिँडडुल गर्न अल्छी गर्ने, फुर्सद पाउनसाथ सिरक ओढेर सुत्ने बानी धेरैको हुने गर्छ। यस्तो बानी सुधार्नुपर्छ। बिहान सामान्य व्यायाम गर्ने, हिँडडुल गर्ने, फुर्सदको समयमा करेसाबारीमा आफूलाई व्यस्त राख्ने आदि काम गरेमा शरीरलाई आवश्यक ताप र ऊर्जा प्राप्त हुन्छ। जसले गर्दा रुघाखोकीजस्ता रोग लाग्ने जोखिम घट्छ ।

खानपानमा ध्यान दिने

जाडो मौसममा सुप, तरकारी, फलफूलजस्ता खानालाई सकेसम्म नियमित गर्नुपर्छ। सखरखण्ड, हरियो सागसब्जी, चुकन्दर, अदुवा, लसुन, केराजस्ता तरकारी र फलफूल खाने गर्नाले शरीरलाई ऊर्जा मिल्नुका साथै शरीरको रोगप्रतिरोधी क्षमता पनि बढ्छ। तरकारी र गेडागुडीको झोल जाडो मौसममा बढी खाने गर्नुपर्छ ।

वजन बढ्न नदिने

जाडो मौसममा शारीरिक श्रम र व्यायाम कम हुने गर्छ। मसलादार र चिल्लो खाना खाने रुचि जाडोमा बढी हुन्छ। त्यसैले जाडोमा मानिस मोटाउने गर्छन्। त्यसैले मोटाएर खास गरी पेटतिरको भागमा बोसो जम्मा हुन नपाओस् भन्नेमा सचेत हुनुपर्छ। किनकि, जाडोमा लागेको पेट र बोसोले दीर्घकालीन रोग लाग्ने सम्भावना बढाइदिन्छ ।

पर्याप्त सुत्ने

वयस्कहरूका लागि प्रतिदिन सातदेखि आठ घण्टासम्मको निद्रा उपयुक्त हुन्छ। पर्याप्त निदाइएन भने शरीर कमजोर हुने र रोग लाग्ने जोखिम बढ्ने भएकाले सुत्न कन्जुस्याइँ गर्नु हुँदैन। राम्रोसँग निदाउनका लागि नियमित व्यायाम गर्ने, योग गर्ने, मदिरा र चुरोट कम गर्ने, क्याफिनजन्य पदार्थको मात्रा घटाउने गर्नुपर्छ ।

छाला स्वस्थ राख्ने

जाडो मौसममा छाला फुट्ने र फुस्रो हुने, ओठमा घाउ हुनेजस्ता समस्या देखापर्ने गर्छन्। जाडोमा कम नुहाइने भएकाले लुतोलगायत एलर्जी छालामा लाग्ने जोखिम जाडोमा बढी हुन्छ। यसबाट बच्न सरसफाइमा ध्यान दिनुपर्छ। छाला फुस्रो नहोस् र नफुटोस् भन्नका लागि नियमित छाला म्वइस्चराइज गर्नुपर्छ ।

पानी पर्याप्त पिउने

जाडोमा पानी पिउने रुचि कम हुन्छ। त्यही भएर पानीको मात्रा बढाउन तरकारी र दालको झोल बढी पिउने गर्नुपर्छ। साथै, दिउँसोतिर बेलाबेलामा ठूलो ग्लासमा ग्रिन टी, हर्बल टी आदि पिउने गर्नाले पानीको मात्रा बढ्छ। जसले शरीर र छालामा पानीको कमीका कारण देखापर्ने समस्या रोक्छ ।

तनावरहित हुने

तनावका कारण मान सिकसँगै शारीरिक रोग लाग्ने जोखिम बढ्ने भएकाले तनाव कम गर्न योग गर्ने, मनमा नराम्रो कुरा नखेलाउने, आफ्नो र सबैको भलो सोच्ने आदि गर्नुपर्छ ।

रक्तसञ्चार सुचारु राख्ने

जाडोमा रगत जम्ने भएकाले रक्तसञ्चार राम्रोसँग हुन पाउँदैन, जसले गर्दा हातखुट्टा चिसो हुने आदि हुन्छ। यस्तो हुन नदिन हिँडडुल गरिरहने, व्यायाम गर्ने, बसेर काम गर्दैगर्दा बीचबीचमा उठेर यताउति टहल्ने, मोजा-पञ्जा आदि लगाउने गर्नुपर्छ। रगत राम्रोसँग सञ्चार हुन पाएन र जम्यो भने यसले शरीरमा विभिन्न हानि पुऱ्याउँछ ।

न्यानो कपडा लगाउने

कतिपय अवस्थामा हामीले कपडा लगाउनमा हेलचेक्र्याइँ गर्छौं र जाडोमा त्यति न्यानो कपडा नलगाई बाहिर निस्कने गर्छौं। यस्तो गर्नु हुँदैन। छातीमा कफ जम्ने, चिसोको कारण घाँटी खसखस हुने, दुख्ने आदि गरेको छ भने छाती र घाँटी छोप्ने खालका कपडा, मफलर लगाउनुपर्छ। न्यानो कपडा नलगाए चिसो गढ्ने, रुघाखोकी बल्झिने, टन्सिल हुने सम्भावना रहन्छ ।

तातो पानी पिउने

जाडो मौसममा चिसो पानी नपिउनु नै राम्रो हुन्छ। तातो पानी पिउने गर्नाले रुघाखोकी नलाग्ने, कफ नजम्ने, घाँटी नदुख्ने हुन्छ ।

बिरामीबाट परै रहने

रुघाखोकी आदि सर्ने भएकाले यस्ता रोग लागेका मानिसबाट परै रहनुपर्छ। त्यस्ता मानिससँग कुरा गर्दा दूरी कायम गर्ने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने आदि गर्नुपर्छ ।

## रहरले...

जागिरका लागि अप्लाई गऱ्यौं । नाम पनि निस्क्यो ।

मैले अब त्यहीँ मेहनतका साथ काम गर्ने निर्णय गरिसकेकी थिएँ । त्यहाँ भोलेन्टियर पिरियड पनि थिएन । १४ हजार मासिक तलब आउँथ्यो । तर, एकदमै कडा नियम । एकछिन पनि बस्न नपाउने आफ्नो ड्युटी आवरमा । काम गर्दागर्दा सानो गल्ती भयो भने पनि डाक्टरलगायत अन्य नर्सिङसँग सम्बन्धित मान्छेहरूको गाली खानुपर्ने । तैपनि दुःखका साथ काम गर्दै गएँ । नियमित तलब पनि आउन थाल्यो ।

अब तराम्रा दिनहरू सुरु भए होलान् भनेको त केही समयभन्दा बढी टिक्न सकेन । त्यही बेला कोरोना नामक भाइरसको आतङ्कले नेपाललाई छपक्कै छोप्यो । जतातते लकडाउन हुन थाल्यो । हेर्दाहेर्दै हस्पिटलमा कोरोना-बिरामीहरूको चाप बढ्दै जान थाल्यो ।

अर्कोतिर हस्पिटलमा काम गर्ने मान्छे भनेपछि घरबेटीले हेर्नेर बोल्ने नजर नै फरक । मान्छेहरू कोरोनाका कारण धमाधम मरिरहेका थिए ।रात-दिन नभनी अहोरात्र खटिएर आफ्नोर परिवारको समेत माया मारेर काम गर्नुपर्थ्यो । यही कारणले कैयौं नर्सहरूले आफ्नो ज्यानसमेत गुमाउनुपऱ्यो ।

गाउँमा आमालाई कोरोना लागेर गाउँपालिकाको क्वारेन्टाइनमाराखिएको थियो । उता परिवारको त्यस्तो अवस्था, यता तलब ठप्प । बाँचू कसरी भन्ने अवस्था आइसक्यो ।

स्वास्थ्यकर्मीलाई बीमा गराएर बिमारकम पनि दिन्छु भनेका थिए, तर महिनौं बित्यो, दिएनन् । आफ्नो परिवारको आर्थिक भार कम गर्न त परै जाओस्, आफ्नो अवस्थासमेत नाजुक हुँदै जान थाल्यो ।

लाखौं लगानी गरेर पढ्नुपर्ने, पढ्न पनि गाह्रो विषय, जसोतसो गरी पढेर पनिराम्रोर उचित व्यवस्था नपाइने । सरकारी अस्पतालमा नाम निकालौं भने त्यहाँ पनि सीमित कोटा मात्रै ।

नेपालमा लाखौं नर्सहरू उत्पादन त भए, तर उनीहरू विकल्प खोज्दै हिँड्नुपर्ने । आफ्नो त्यो सेतो कोटमा आला भिरेर बिरामीको सेवा गर्दै बुबाआमालाई खुसीराख्ने अनि बहिनीलाई पढाउने मेरो त्यो सपना सपनै हुने भयो ।

मेरा धेरै साथीहरू आफ्नो आर्थिक अवस्था सुधार्ने सपना बोकेर धमाधम विदेशिन थाले । सक्ने जतिलेराम्रो देशको तयारीर नसक्नेले सामान्य देशमा जाने तयारी गर्नुभयो । आफ्ना आमाबुबालाई खुसीराख्नर ऋण तिर्न मैले पनि सानोतिनो देशमै भए पनि विदेश जाने निधो गरेँर उहाँहरुलाई यस बारे सोधेँ ।

उहाँहरुले मेरो सबै अवस्था बुझेर बल्लतल्ल मन नहुँदा नहुँदै अनुमति दिनुभयो । अनि, म विदेशिन बाध्य भएँ ।

आज मजस्तै हजारौं नर्सहरू अहिले विदेश जाने तयारी गर्न लाग्नुभएको छर यो क्रम बढ्दो मात्रामा छ ।

सायद नेपालमा पनि नर्सहरूको उचित सम्बोधनर व्यवस्थापन भएको भए आज हजारौं नर्सहरू नेपालमै बस्ने थिए । आफ्नै देशमा आफ्नै घरको खाना खाएर आफ्नै देशवासीको सेवा गर्ने कसको मन हुँदैनर ?

अहिले त झन् सीमित हस्पिटलले मात्रै नर्सिङ पढाउने व्यवस्था गरेको छ । यस्तै अवस्था कायमरहने हो भने एक दिन नेपालमा औंलामा गनिने मात्रै नर्सहरू बाँकीरहनेछन् ।र, हामीले विदेशबाट नर्सहरू पुनः नेपालमा बोलाउनुपर्ने अवस्था आउनेछ ।

सम्बन्धित सबैले समयमै बुझ्नुर सम्बोधन गरुन्, ‘रहरले होइन, बाध्यताले विदेशिनुपर्छ नर्सहरूलाई ।’रातोपाटी अनलाईनवाट




# प्रहरी कार्यालय ओखलढुंगाको नव निर्मित भवनको समुद्घाटन

ओखलढुंगा । जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको नव-निर्मित कार्यालय भवनको प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहबाट समुदघाटन भएको छ ।

जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको परिसरमा आज भएको एक कार्यक्रमका बिच संगठन प्रमुख प्रहरी महानिरीक्षक सिंहले जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको नव-निर्मित कार्यालय भवन, ब्यारेक, हिरासत कक्ष, कार्यालय प्रमुख निवास, सिनियर प्रहरी अधिकृत आवास भवनको समुदघाटन गर्नु भएको हो ।

भवन समुदघाटन पश्चात कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रमुख अतिथि प्रहरी महानिरीक्षक सिंहले नव निर्मित भौतिक संरचनाले जिल्ला प्रहरी कार्यालयमा कार्यरत सकल दर्जाका प्रहरी कर्मचारीहरुको अव्यक्त पीडाहरूको अन्त्य भई थप हौसला मिल्नुका साथै यसले प्रहरी कर्मचारीहरूको कार्यसम्पादन स्तरमा समेत सकारात्मक प्रभाव पारेको कुरा बताउनु भयो । कार्यक्रममा प्रमुख अतिथि प्रहरी महानिरीक्षक सिंहले भवन निर्माणमा उल्लेखनिय भुमिका निर्वाह गर्नु हुने व्यक्तित्वहरुलाई प्रशंसा पत्रले सम्मान समेत गर्नु भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीले प्रहरीलाई सुविधा सम्पन्न भवन प्राप्त भए संगै थप जोश र उर्जाका साथ प्रहरी काम कारवाही गर्न र आम नागरिकमा आईपर्ने समस्या समाधानका लागि अहोरात्र खटिई उच्च व्यवसायिकताका साथ नागरिकको गुनासो एवं पिरमार्कालाई सम्बोधन गर्ने गरी शिष्टता र नम्रताका साथ नागरिक मैत्री प्रहरी सेवा प्रवाह गर्न र गराउन कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन दिनु भएको थियो ।

जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको नव निर्मित भवन १० करोड १० लाख ४४ हजार ९१ रुपैया ८१ पैसाको कुल लागतमा निर्माण कार्य सम्पन्न भएको भएको हो ।

# सवारी दुर्घटनामा परी दुईको मृत्यु

बिराटनगर । झापार मोरडको छुट्टा छुट्टै स्थानमा सवारी दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ ।

शुक्रवार झापाको बाह्रदशी गाउँपालिका-३ स्थित चारपाने-र ाजगढ सडक खण्डमा प्रदेश १-०१-००१ त ८९०७ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा घाईते भएका ट्याक्टरका चालक बाह्रदशी-३ का २२ वर्षीय लखिराम सतारलाई उपचारार्थ प्रादेसिक अस्पताल भद्रपुर लगिएकोमा चेकजाँचको क्रममा डाक्टरले मृत घोषणा गरेका थिए ।

त्यसैगरी मोरडको लेटाङ नगर पालिका-९ स्थितमारहेको तेली खोलाको निर्माणाधिन पुलमा को.१ ख ४०७७ नम्बरको मिक्सचर मेसिनले सुर्य एण्ड सन्स कन्ट्राक्सन कम्पनीमा कार्यरत ओभरसियर लहान नगरपालिका-१४ सिरहाका २४ वर्षीय सुनिल साहलाई ठक्कर दिदा उनको घटना स्थलमा नै मृत्यु भएको थियो ।

दुर्घटनामा संलग्नरहेका चालक शम्भुराजधामीलाई इलाका प्रहरी कार्यालय लेटाङले नियन्त्रणमा लिई घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

**बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।**

# नवनिर्मित पुल अस्थायी संचालन गर्ने सहमती



मोरंग व्यापार संघको टोलीले र भारतीय अधिकारीहरुसँग भेटवार्तापछि सामुहिक तस्वीर

विराटनगर । मोरंग व्यापार संघको टोलीले भारतको जोगबनीमा भारतीय अधिकारीहरु सँग भेटवार्ता गरी भारतको बथनाहा-जोगबनी सडक खण्डमा निर्मित नयाँपुललाई संचालनमाल्याउने गरी सहमति गराएको छ ।

संघका पदाधिकारीहरु र कार्यसमिति सदस्यहरु सहितको टोलीले भारतको जोगबनीको आई.सी.पी. गई लेन्ड पोटर्स अथोरिटी अफ इण्डियाका प्रबन्धक रत्नाकर यादव, त्यहाँका एस.डी.एम. एस. कुमार, नेश्नलहाईवे अथोरिटी अफ इण्डियाका उमेश यादव र विजेपीका नेता दिलिप झा लगायतलाई भेट गरी नवनिर्मित पुललाई तत्काल अस्थायी रुपमै भएपनि संचालनमा ल्याउन मंगलवार सहमत गराएको हो ।

पुलको निर्माण कार्य सम्पन्न भई सकेता पनि केहि प्रकृयागत कार्यहरु बाँकी रहेकाले पुलको आधिकारिक उद्घाटन हुन नसकि रहेको अवस्थामा संघले अस्थायी रुपमै भएपनितत्कालै उक्त पुल मार्फत सवारी साधनहरुको आवात-जावत खुलाई रि-रुटले प्रताडित नेपाली उद्योगी, व्यवसायी र अर्थतन्त्रलाई राहत पुग्ने भएको छ । सो पुलप्रयोग गर्न नपाउँदा नेपाली उद्योगी/व्यवसायीहरु भिमनगर-भन्टावारी नाका प्रयोग गर्न र त्यस कारण दैनिक करिब एक करोडको अतिरिक्त अनावश्यक व्ययभार खेप्न बाध्य रहेको छन् ।

संघको पहलमा भारतीय अधिकारीहरुले आवागमनको क्रममाउक्त नवनिर्मित पुलमा कुनै सवारी साधनहरु पार्क गर्न नपाउने तथा पार्किडका सम्पूर्ण कार्यहरु पुलपूर्व वा आई.सी.पी.मा मात्रै गर्नु पर्ने शर्तमा सो पुल मार्फतको आवागमन थाल्ने सहमति जनाएको संघका प्रवक्ता विनित सिंघानियाले बताउनु भयो ।

टोलीलाई संघका अध्यक्ष नवीन रिजाल सहित का.का. सदस्यहरु मनिष मारु, सुशिल सुराना, गोपाल अग्रवाल लगायतले नेतृत्व गर्नु भएको थियो ।

# रंगेली-चौकी घाट सडक चाँडै सम्पन्न गर्न निर्देशन



हुलाकी राजमार्गको रंगेली नगरपालिका देखि रतुवामाई नगरपालिको चौकी घाटको सडक खण्ड निर्माण हुदै ।

विराटनगर । मोरङ क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य ऋषिकेश पोखरेल आफ्नो निर्वाचन क्षेत्रको चौतर्फी विकासमा लागि परेका छन् । स्थानीय समस्याबारे जानकाररहेका पोखरेल निर्वाचित भएलगत्तैदेखि सो क्षेत्रको विकास निर्माण कार्यहरुलाई द्रुत गतिमा अघि बढाउन लागि परेका हुन् ।

उनले क्षेत्र नम्बर २ अन्तर्गत पर्नेरंगेलीदेखिरतुमाईको चौकी घाटसम्मको सडक चाँडै सम्पन्न गराउन पहल गरेका छन् । नेकपा (एमाले) मोरङका अध्यक्षसमेतरहेका सांसद पोखरेलले दक्षिणी क्षेत्रको 'लाईफलाईन' सडकका रुपमारहेको निर्माणाधिन हुलाकीराजमार्गको काम चाँडै सम्पन्न गराउन सम्बन्धीत निकायलाई निर्देशन दिएका छन् ।

सांसद पोखरेलले आफ्नो निर्वाचन क्षेत्र भित्र पर्ने हुलाकी सडकखण्ड निर्माण कार्यका विषयमा चासोराखेर हुलाकी सडक आयोजना प्रमुख बिजय थापासँग कार्यप्रगती बारे जानकारी लिँदै काम द्रुत गतिमा अघि बढाउन निर्देशन दिएका हुन् । 'यो हाम्रो लागि लाईफलाईन सडक हो । द्रुत गतिमा काम थालेर चाँडो भन्दा चाँडो निर्माण कार्य सम्पन्न हुनुपर्‍यो ।' सांसद पोखरेलले आयोजना प्रमुख थापालाई निर्देशन दिँदै भने,'निर्माण कार्यको गुणस्तरमा पनि जनताको प्रश्न उठीरहेको छ । काममा तलमाथि नहोस् ।'

उनले हुलकीराजमार्ग अन्तर्गत सो क्षेत्रका मुख्य बजारहरुको सडकको चौडाई सय मिटर फराकिलो बनाउन दबाब समेत दिएका छन् ।

सांसद पोखरेलको निर्देशनसँगै आयोजना प्रमुखर इन्जीनियरहरुको टोलीले निर्माणाधिन सडकको निरिक्षण गरेको छ । सो टोलीले निर्माण कम्पनीलाई मापदण्ड अनुसारको काम द्रुत गतिमा थाल्न निर्देशन पनि दिएको जनाइएको छ ।

अहिले सो निर्वाचन क्षेत्र अन्तर्गतरंगेलीदेखि चौकीघाट सम्मको सडक निर्माण कार्यले गति लिएको स्थानीयको भनाई छ । सम्बन्धीत सरकारी अधिकारी हरुलाई निर्माणाधिन सडकको स्थलगत निरिक्षण गराई समस्या समाधानका लागि पोखरेलले पहल थालेसँगै स्थानीय उत्साहित भएका छन् । 'जबसम्म स्थानीय समस्यार जमिनमाटो चिनेको जनप्रतिनिधि चुनिँदैन तबसम्म आफ्नो क्षेत्रमा केही नहुनेरहेछ भन्ने कुराको अनुभूती भयो ।' स्थानीयरमेश सिंहले भने,'अब हाम्रो समस्या बुझ्ने जनप्रतिनिधि आएपछि काम चाँडै सम्पन्न हुन्छ भन्ने आश जागेको छ ।'

यतिबेला हुलाकी राजमार्गका रंगेली-चौकीघाट सडक निर्माण कार्यले तीव्रता पाएको छ । हुलाली सडक आयोजना कार्यालयले यसै आर्थिक वर्षको अन्त्यसम्ममा कालोपत्रे सडक सम्पन्न गर्नेगरी काम अघि बढेको जनाएको छ । 'हामीलाई यस सडकको विषयमा दिनहु फोनहरु आइरहन्थ्यो ।' आयोजना प्रमुख थापाले भने,'अहिले फिल्डमा काम पनि भइरहेको छ । हामी काम सम्पन्न गर्ने दृढ संकल्पका साथ लागि परेका छौं ।'

सोही सडकमा पर्नेरतुवा खोलकोको अधुरो पुलको काम समेत अब सुरु हुने भएको छ । सो पुलको काम आगामी पुस अन्तिम वा माघको पहिलो सातदेखि सुरु हुने जनाइएको छ ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौं । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

**धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया मोरंग, प्रदेश १**



**क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक**

# सजाई पाई फरार रहेका प्रतिवादीहरू धमाधम पक्राउ

विराटनगर । विभिन्न मुद्दामा सजाय पाई फरार रहेका प्रतिवादीहरुलाई धमाधम प्रहरीले पक्राउ गर्न थालेका छन् ।

यो सातामा रिट र प्रहरी चौकीवाट खटिएको प्रहरीले ६ जना फरार तिवादीहरुलाई प्रहरीले पक्राउ गरेका छन् ।

१ नं. प्रहरी कार्यालय रिट बाट खटिएको प्रहरीटोली र अन्य प्रहरी चौकीवाट खटिएका प्रहरीहरुले तिनीहरुलाई पक्राउ गरेका हुन् ।

पक्राउ पर्नेमा लेनदेन बिगो मुद्दाका मोरङ विराटनगर महानगरपालिका वडा नम्बर १२ बस्ने ५५ बर्षीय महेन्द्र कुमार कामत र औषधिको अनुचित प्रयोग तथा दुरुपयोग मुद्दाका सुनसरी धरान उप-महानगरपालिका वडा नम्बर ३ माछाभौडी बस्ने २८ बर्षीय सिजन राई रहेका छन् । उनिहरुलाई प्रहरी टोलीले खोजतालस गर्ने क्रममा गाउँघरमै लुकिछिपी बसेको अबस्थामा फेला पारी पक्राउ थियो ।

पक्राउ परेका कामतलाई सम्मानित मोरङ जिल्ला अदालतमा दाखिला गरेकोमा बिगो बराबरको रकम सम्मानित अदालतमा बुझाई सम्मानित अदालतले थुना मुक्त गरेको छ भने राईलाई सम्मानित सुनसरी जिल्ला अदालतमा दाखिला गरेकोमा सम्मानित अदालतले कैद भुक्तानको लागी झुम्का कारागार पठाएको छ ।

फरार रहेका कामतको लेनदेन बिगो मुद्दामा सम्मानित मोरङ जिल्ला अदालत विराटनगरको मिति २०७९ असोज ९ गतेको फैसला बमोजिमको बिगो रकम दाखिला नगरेको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४४ बमोजिम सम्मानित मोरङ जिल्ला अदालतको चलानी नं. ७६३, मिति २०७९ असोज ९ गतेको पत्रानुसार १ बर्ष कैद भई बिगो नं.२५९/६४० मा कैद बेरुजु रहि असुल गर्न बाँकी रहेका थियो ।

त्यसैगरी राईको औषधिको अनुचित प्रयोग तथा दुरुपयोग मुद्दामा सम्मानित सुनसरी जिल्ला अदालतको मिति २०७९ अषाढ २० गतेको सजाय निर्धारण फैसला आदेशले क्रमश: ११ महिना ३ दिन कैद र १०हजार) जरिवाना भई लगत नं. १६८९ मा कैद तथा जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेका थियो ।

त्यसैगरी पक्राउ पर्नेमा मोरङ बेलबारी नगरपालिका-१ किबश ४६ बर्षीया तारादेबि श्रेष्ठ र २३ बर्षिय आर्युत श्रेष्ठ रहेका छन् । प्रहरीले उनिहरुलाई गाउँघरमा नै लुकि छिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको थियो ।

तारादेबि बैङकिङ कसुर मुद्धामा सम्मानित उच्च अदालत बिराटनगरको मिति २०७७ माघ ५ गतेको सजाय निर्धारण फैसला आदेशले १० लाख १२ हजार जरिवाना बेरुजु रही फरार रहेकि र आर्युत बैङ्किङ कसुर मुद्धामा सम्मानित उच्च अदालत बिराटनगरको मिति २०७७ चैत ८ गतेको सजाय निर्धारण फैसला आदेशले ५ लाख १० हजार जरिवाना बेरुजु रहि फरार रहेका थिए ।

सम्मानित मोरङ जिल्ला अदालतको मिति २०७९।०६।१६ गतेको सजाय निर्धारण फैसला आदेशले १ महिना ५ दिन कैद र २ हजार ५ सय जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेका चोरी मुद्दाका फरार प्रतिवादी बिराटनगर महानगर पालिका-६ का २८ बर्षीय शेखर कामतलाई पक्राउ गरेको छ ।

खोज तलासको क्रममा गाँउघरमा नै लुकिछिपी बसेको अबस्थामा पक्राउ परेका कामतलाई सम्मानित मोरङ जिल्ला अदालतमा दाखिला गरे पश्चात सम्मानित अदालतले कैद भुक्तानको लागी जिल्ला कारागार मोरङ पठाएको छ ।

बैङ्किङ कसूर मुद्दाका एक जना फरार प्रतिवादी पक्राउ गरेको छ । पक्राउ पर्नेमा विराटनगर महानगरपालिका-४ का ५१ बर्षीय शिव कुमार यादव रहेका छन । बैङ्किङ कसूर मुद्दामा सम्मानित उच्च अदालत विराटनगरको मिति २०७८ भदौ २१ गतेको सजाय निर्धारण फैसला आदेशले १० लाख जरिवाना बेरुजु रहि फरार रहका यादवलाई गाँउ घरमा नै लुकिछिपी बसेको अबस्थामा प्रहरीले पक्राउ गरी सम्मानित अदालतमा दाखिला गरेकोमा जरीवना बापतको कैद भुक्तानको लागी मोरङ कारागार पठाएको छ ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हच्चुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# महानिरीक्षकद्धारा प्रहरी कार्यालय सोलुको निरक्षण

बिराटनगर । नेपाल प्रहरीका संगठन प्रमुख प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले जिल्ला प्रहरी कार्यालय सोलुको निरीक्षण भ्रमण गरेका छन् ।

निरीक्षण भ्रमणको क्रममा वहाँले कार्यालय तथा सम्पुर्ण शाखाहरु समेतको निरीक्षण गर्नु भई कार्यरत प्रहरी अधिकृत तथा जवानहरुलाई निर्देशन दिनु भएको थियो । निर्देशनको क्रममा वहाँले प्रहरी ऐन तथा नियमावलीमा भएका व्यवस्थालाई अक्षरस पालना गरी प्रहरी आचरण र व्यवहारमा सुधार ल्याई व्यक्तिगत लाभ भन्दा संगठनको हित र बिकासलाई प्राथमिकतामा राखेर आफूलाई प्राप्त जिम्मेवारी ईमान्दार, कर्तव्यनिष्ठ, अनुशासित र उत्तरदायी तवरबाट प्रहरी कार्य सम्पादन गर्न र सामाजिक सञ्जालको सही सदुपयोग गरी प्रयोग गर्न तथा जनचेतनाको कमिबाट हुने घटनाहरुलाई नियन्त्रण गर्न बिभिन्न जनचेतना मुलक कार्यक्रमहरु सन्चालन गर्न समेत निर्देशन दिनु भएको थियो ।

निर्देशनकै क्रममा सिंहले सर्वोच्च शिखर सगरमाथाले परिचित पर्यटकिय जिल्ला सोलुखुम्वुमा भ्रमणको लागि आउनु हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरुको आवागमनलाई सहज बनाउन पर्यटकहरुलाई सुरक्षाको प्रत्याभुति दिलाई निर्धक्क यात्रा गर्ने वातावरण बनाउन समेत प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका थिए ।

साथै अपराध अनुसन्धान, शान्ति सुरक्षा व्यवस्थापन लगायत विपद् उद्दार कार्यमा नेपाल प्रहरीले सदैव अग्रपंक्तिमा रहेर कार्य सम्पादन गर्दै आइरहेको बताउँदै समय समयमा लामो तथा छोटो गस्ति निकाली दुरदराजमा भएका स्थानिय मानिसहरुसंग समन्वय गरी अपराधिक गतिविधि, चोरी तस्करीका घटनाहरुलाई नियन्त्रण गर्न र दैविक बिपत्तिहरुमा स्थानिय सरकार तथा अन्य सुरक्षा निकायसंग समन्वय गरी नागरिकको जीउ धनको रक्षा गर्न र नैतिकता र अनुशासित भई सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै आम सेवाग्राहीसँग समान व्यवहार गरी प्रहरी संठन र कार्यालयको गरिमा बढाउने कार्यमा सदैव लागि पर्न कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका थिए ।

सोलुको निरीक्षण भ्रमण तथा निर्देशनको क्रममा १ नम्वर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरी, नेपाल प्रहरी प्रधान कार्यालयका प्रहरी बरिष्ठ उपरीक्षक दान बहादुर कार्की, नेपाल प्रहरी प्रदेश कार्यालय धरानका प्रहरी बरिष्ठ उपरीक्षक उमाशंकर पंजियार, प्रदेश प्रहरी तालिम केन्द्र रानी बिराटनगरका समादेशक प्रहरी बरिष्ठ उपरीक्षक राजेशनाथ बास्तोला तथा नेपाल प्रहरी रा.सु. तथा ट्रा.ब्य.का. इटहरीका प्रहरी उपरीक्षक श्यामकुमार महतो ।




हार्दिक बधाई तथा शुभकामना



जिल्ला मोरंग धनपालथान गाउँपालिका वडा नं. २ खैरबोना निवासी निशा सुतिहार र जिल्ला झापा गौरीगंज गाउँपालिका वडा नं. ५ चिल्हराटोल निवासी धिरज शर्मा २०७९ साल मंसिर २१ गते बुधवारका दिन बैवाहिक जीवनमा बाधिएकोले वैवाहिक जीवनको सफलताको कामना गर्दै हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

हजुर आमा : गंगा देवी सुतिहार, बुवा/आमा शिवनारायण सुतिहार-सरस्वती देवी सुतिहार, ललिता देवी सुतिहार, ठूलो बुवा/आमा : जयनारायण सुतिहार-राधादेवी सुतिहार, काका/काकी : सुरेन्द्र प्रसाद सुतिहार-मंजु सुतिहार, घनश्याम सुतिहार-विमला सुतिहार, आनन्द सुतिहार-मंजु सुतिहार, श्याम सुन्दर सुतिहार-मंजु शर्मा, पिसा/पिसी : बालेश्वर सुतिहार-लिला देवी सुतिहार, शिवलाल मिस्त्री-कला देवी सुतिहार, रामलाल सुतिहार-निर्मला देवी सुतहार, दिदी/भिनाजु : रामलाल सुतिहार-मंजु सुतिहार, नरेश सुतिहार-रंञ्जु देवी सुतिहार, दाजु/भाउजू : संजय सुतिहार-पिंकी सुतिहार, अनिल सुतिहार-राजनन्दनी सुतिहार, अभिनाश सुतिहार, भाई/बहिनी अरुण सुतिहार, पंकज सुतिहार, धर्मेन्द्र सुतिहार, सचिन सुतिहार, श्रेय शर्मा, उपेन सुतिहार, मंजिल शर्मा, भतिजा/भतिजी : ओम सुतिहार, अमन सुतिहार, अनु सुतिहार एवं समस्त सुतिहार परिवार

एवम्
क्राईम अपरेशन साप्ताहिक
परिवार, विराटनगर